





राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



प्रकृति सकिए जीवन सिद्धिन्छ। त्यसैले प्राकृतिक सम्पदाको अतिक्रमण र दोहन नगरौं। वनजंगल, नदीनाला, पहाडपर्वत, जडिबुटी, जीवजन्तु र जैविक विविधताको संरक्षण गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



❑ वर्ष २२ ❑ अङ्क २९३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ कार्तिक २८ गते आइतबार ❑ 14 Nov. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-


## 'लोकतन्त्रविपरीतका कार्यलाई प्रेसले खबरदारी गर्नुपर्छ'

पोखरापत्र संवाददाता
पोखरा, २७ कार्तिक

अर्थमन्त्री जनार्दन शर्माले लोकतन्त्र र जनचाहनाविपरीत हुने कार्यलाई प्रेसले खबरदारी गर्नुपर्ने बताउनुभएको छ।

प्रेस सेन्टर नेपाल गण्डकी प्रदेश समितिको दोस्रो अधिवेशनको शनिबार पोखरामा उद्घाटन गर्दै उहाँले जनअधिकार कुण्ठित गर्ने र संविधान च्यात्ने निरङ्कुश प्रवृत्तिका विरुद्ध प्रेस जगत्लाई आन्दोलनमा उत्रिनसमेत आह्वान गर्नुभयो।

सञ्चार जगत्लाई सामाजिक परिर्वतनको पक्षमा उभिन आग्रह गर्दै उहाँले भन्नुभयो, "सकारात्मक कुरालाई प्रेसले स्थापित गर्नुपर्ने हुन्छ। पार्टीको आन्तरिक जीवनमा देखिने लोकतन्त्र विरुद्धका कार्यमा समेत तपाईँहरू बोल्नुपर्दछ । बचनले होइन कर्मले लोकतन्त्रको सेवा गर्नुपर्दछ। काम र व्यवहारले लोकतन्त्रको पक्षमा उभिने कुरा महत्वपूर्ण हुन्छ।"

मन्त्री शर्माले भ्रष्टाचार र अनियमितताका विरुद्ध सशक्त ढङ्गले कलम चलाउन पत्रकारलाई आग्रह गर्दै अनियमितताको विषयमा



कुनै पार्टी वा नेताको मुख नहेरी सशक्त भण्डाफोर गर्नसमेत अपिल गर्नुभयो। समाजवादतिर अघि बढ्ने संवैधानिक अधिकार रहेको चर्चा गर्दै उहाँले राष्ट्रिय आत्मनिर्भरता, स्वाधिनतासहित समाजवादका लागि आवश्यक विचार, सङ्गठन, स्कुलिङ र संस्कार र व्यवहार हुनुपर्नेमा जोड दिनुभयो । मन्त्री शर्माले प्रेस सेन्टरले जनताको आवाजहरूमा रमाउने र स्थापित हुने कार्यदिशा तय गर्नसमेत सुझाव दिनुभयो । लोककल्याणकारी विज्ञापनलाई सबै सञ्चार संस्थाले प्राप्त गर्ने गरी व्यवस्थित गरिने जानकारी दिँदै उहाँले अनलाइन सञ्चारमाध्यमको मूल्याङ्कनका लागि प्रेस काउन्सिललाई आग्रह गरिएको र सोपछि अनलाइनलाई समेत लोककल्याणकारी विज्ञापन उपलब्ध गराइने बताउनुभयो । नेपाल कम्युनिष्ट पार्टी(माओवादी केन्द्र) गण्डकी प्रदेशका इन्चार्ज एवं पूर्वमन्त्री

बाँकी अन्तिम पृष्ठमा ▶▶

## बजेट थपिदिन अर्थमन्त्रीमन्त्रीसँग गण्डकी सरकारको आग्रह

पोखरापत्र संवाददाता
पोखरा, २७ कार्तिक

बजेट अभावले योजना कार्यान्वयनमा समस्या आएको भन्दै गण्डकी प्रदेश सरकारले संघ सरकारको पुन ध्यानाकर्षण गराएको छ । अर्थमन्त्री जनार्दन शर्मा पोखरा आएका बेला गण्डकीका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलसहित मन्त्रीहरुले ध्यानाकर्षण गराएका हुन् ।

प्रदेशमा आम्दानीको स्रोत सिमित तर नागरिकका अपेक्षा अत्यधिक भएकाले त्यसै अनुसार बजेट बिनियोजना गरिदिन मुख्यमन्त्री पोखरेलले अर्थमन्त्रीसँग आग्रह गरे । उनले भने, 'संघीय शासन व्यवस्थासँगै संघबाट प्रदेशमा स्वतः अधिकारहरु हस्तान्तरण भएका छन् । ती अधिकार कार्यान्वयन र नागरिकका जनअपेक्षा पूरा गर्न त्यसै अनुसारको बजेट व्यवस्थापन आवश्यक छ ।' प्रदेश सरकारले आफ्नो सामर्थ्य अनुसार कार्यसम्पादन त गरिरहेको भन्दै कतिपय अवस्थामा मागका तुलनामा स्रोत अपुग हुँदा प्रदेशका लागि अत्यावश्यक कामहरु सुरु गर्न सकिएको उनले जानकारी गराए ।

प्रदेशकै सर्वाधिक महत्वको सडक दुम्कीवास त्रिवेणी सडक खण्ड निर्माणका लागि चितवन राष्ट्रिय निकुञ्ज वाधक भएको भन्दै मुख्यमन्त्री पोखरेलले करिब ८ किलोमिटर खण्डमा सुरुङ मार्ग निर्माणका लागि अर्थमन्त्रीलाई ध्यानाकर्षण गराएका छन् । असोज १९ गते मुख्यमन्त्री पोखरेल काठमाडौं पुगेर प्रदेशका समस्याका बारेमा प्रधानमन्त्री र अर्थमन्त्रीलाई भेटेरै लिखित पत्रसमेत बुझाइसकेका छन् ।

मुख्यमन्त्री पोखरेलले गण्डकी प्रदेश सभाको भवन निर्माणका



लागि डिपिआर तयार भइसकेको र यसका लागि ७५ करोड लाग्ने सहयोगको अपेक्षा गरे । प्रदेशका रणनीतिक महत्वका (स्थानीय तहको केन्द्र जोड्ने ) सडकमध्ये ३ सय ३९ किलोमिटर निर्माणाधीन अवस्थामा छन् । निर्माणका लागि डिपिआर भइसकेको २ सय ८७ किलोमिटर सडक रहेको र यी दुवै खालका सडक निर्माणका लागि १४ अर्ब ३५ करोड रुपैयाँ चाहिनेमा बहुवर्षे प्रकृतिका यी योजनाका लागि चालु आवमा ३ अर्ब आवश्यक परेको उनले बताए । उक्त अवसरमा भौतिक पूर्वाधार, सहरी विकास तथा यातायात व्यवस्था मन्त्री कुमार खड्काले डिपिआर भइसकेका ५० मोटरेबल पुलका लागि अनुमानित बजेट ३ अर्ब लाग्नेमा यस आवका लागि ७० करोड रुपैयाँ आवश्यक पर्ने जानकारी गराए । उनले भने, 'ठेक्का लागिसकेका कार्यक्रम सम्पन्न गर्न ७ अर्ब आवश्यक पर्नेमा चालु आर्थिक वर्षका लागि ४ अर्ब अपुग छ ।' संघले हतान्तरण गरेका योजनाका लागि ५ अर्ब रुपैयाँमध्ये न्यूनतम हालका लागि कम्तीमा पनि ३ अर्ब रुपैयाँ आवश्यक छ ।' संघबाट हस्तान्तरण भइ आएका सशर्तका योजना सम्पन्न गर्न पनि ७० करोड रुपैयाँ अपुग रहेको उनले बताए ।

प्रदेशले सञ्चालन गरेका र गर्ने योजनाका लागि २९ अर्ब ८० करोड रुपैयाँ आवश्यक पर्नेमा चालु आर्थिक वर्षका लागि ११ अर्ब ४५ करोड रुपैयाँ चाहिएकाले रकम निकाशाका लागि सहजीकरण गरिदिन गण्डकी सरकारका प्रवक्ता समेत रहेका मन्त्री खड्काले अर्थमन्त्रीसँग अनुरोध गरे । बजेटका अतिरिक्त प्रदेश सरकारले संघ सरकारको स्वामित्वको जमिन उपभोग सहजताका साथ गर्न मिल्ने गरी प्रक्रिया निर्धारणका लागि समेत उक्त अवसरमा ध्यानाकर्षण गराइएको छ ।

विकास साझेदारहरुको उपस्थिति गराउन, पोखरा क्षेत्रीय विमानस्थललाई समयमा नै सञ्चालनमा ल्याउनका लागि आवश्यक बजेट र अन्तर्राष्ट्रिय उडान गर्ने एअरलाइन्स र अनुमति लिनुपर्ने संस्थासँग समन्वयका लागि पनि प्रदेश सरकारले अर्थमन्त्रीसँग आग्रह गरेको छ । गोरखकाली टायर उद्योग, भृकुटी कागज कारखाना सञ्चालनको जिम्मा पनि प्रदेशले मागेको छ ।

अर्थमन्त्री जनर्दन शर्माले संघ सरकारसँग पनि बजेटको सिमितता रहेको भन्दै प्रदेशका योजनाका लागि बजेट व्यवस्थापन गर्न संघ सरकार संवेदनशील रहेको बताए । यसका लागि मुख्यमन्त्री र प्रदेशका अर्थ मन्त्रीहरुलाई सँगै राखेर छलफल गर्ने र प्रदेशका आवश्यकता पूरा गर्न प्रयास गरिने बताए । उनले भने, 'तपाईंहरुको गुनासो सुनें, संघमा पनि उही समस्या छ, अघिल्लो वर्षका योजनाले नै ३ खर्ब दायित्व बोकेका रहेछन्, अहिले त बाढीपहिरो र बेमौसमी झरीले झनै समस्या निम्त्याएको छ ।' झरीले धानबालीमा मात्र ७ अर्ब भन्दा बढीको क्षति पुऱ्याएको उनले सुनाए ।

अर्थमन्त्री शर्माले सडकका लागि जथाभावी बजेट व्यस्थापन भन्दै यसको नियन्त्रणका लागि सडकको वास्तविक अवस्था पत्ता लगाइ नक्सांकन गर्न भौतिक पूर्वाधार मन्त्रालयले काम थालिसकेको बताए । विकास निर्माणका काम एकातिर रहँदा रहँदा अहिलेको सरकार कुन परिस्थितिमा बनेको हो र दायित्व के हो भन्ने बारेमा समेत संवेदनशील हुनुपर्ने उनाको भनाइ थियो ।

अघिल्लो सरकारले ल्याएको बजेटमा अहिले २.८ प्रतिशत मात्र तलमाथि पारेको भन्दै बाँकी बजेट जस्ताको तस्तै राखिको बताए। स्रोत सुनिश्चितता नभएका योजना मात्र खारेज गरिएको उनले जानकारी गराए । अहिले सरकारले राजश्व वृद्धिमा विशेष जोड दिएको र सुरुआती महिनामै यसमा राम्रो संकेत देखिएको भनाइ राखे ।

मुख्यमन्त्री कार्यालयमै शुक्रबार साँझ भएको भेटमा प्रदेश सरकारका मन्त्रीहरु मणिभद्र शर्मा, मेखलाल श्रेष्ठ, मधुमाया अधिकारी, माओवादी केन्द्र संसदीय दलका नेता हरिबहादुर चुमान, अर्थ तथा विकास समिति सभापति दीपक कोइराला, प्रदेश नीति तथा योजना आयोगका उपाध्क्ष डा रघुराज काफ्ले, मुख्यमन्त्रीका राजनीतिक सल्लाहकार खड्गबहादुर कमाल, प्रदेश अर्थ सचिव वैकुन्ठ अर्यालसहित सहभागी थिए ।

## गण्डकी प्रदेशमा देखिए यस्ता चुनौती

रासस
पोखरा, २७ कार्तिक

पर्याप्त साधन र स्रोत तथा सम्भावना भए पनि गण्डकी प्रदेशमा सडक, जलविद्युतूलगायत आयोजना समयमै सम्पन्न गर्न जनशक्तिको अभाव मुख्य चुनौतीका रुपमा रहेको पाइएको छ । जलविद्युत् आयोजनामा जग्गा अधिग्रहण तथा मुआब्जा वितरण, परियोजना निर्माणका लागि वनका रुख कटानलगायत समस्यालाई समयमै सम्पन्न गर्न नसक्दा निर्धारित समयमा निर्माण प्रारम्भ गर्न समस्या रहेको एक अध्ययनबाट देखिएको छ।

नेपाल राष्ट्र बैंकले आज सार्वजनिक गरेको गण्डकी प्रदेशको आर्थिक गतिविधि अध्ययनसम्बन्धी वार्षिक प्रतिवेदनअनुसार उत्पादकत्व अभिवृद्धिका माध्यमबाट प्रतिस्पर्धात्मक क्षमता बढाउन कृषि क्षेत्रलाई थप आधुनिकीकरण, व्यावसायिकीकरण, यान्त्रिकीकरण तथा विविधीकरण गर्नुपर्ने चुनौती रहेको उल्लेख छ।

यस्तै औद्योगिक क्षेत्रको विकास तथा विस्तारका लागि आवश्यक पूर्वाधार विकास एवं लगानीमैत्री वातावरण निर्माणका लागि थप गृहकार्य गर्नुपर्ने आवश्यकता रहेको अध्ययनमा समावेश छ। पछिल्लो समयमा विश्वव्यापीरुपमा

बाँकी अन्तिम पृष्ठमा ▶▶

## प्रगतिशील लेखकले जनताको पक्षमा लेखौं: प्रा.डा.गिरी

पोखरापत्र संवाददाता
पोखरा, २७ कार्तिक

प्रगतिशील लेखक संघ (प्रलेस) नेपालका अध्यक्ष प्रा.डा. जीवेन्द्रदेव गिरीले प्रगतिशील लेखक संघ (प्रलेस) लाई व्यवस्थित रुपमा अघि बढाउन आ-आफ्नो ठाउँमा प्रगतिशील लेखकहरूलाई जुट्न अपिल गर्नुभएको छ।

प्रलेस, गण्डकी प्रदेशले शनिबार आयोजना गरेको आफ्नो मुखपत्र "गण्डक आलोक"को सार्वजनिकीकरण तथा परिचर्चा कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष प्रा.डा. गिरीले आलोचनात्मक चेतका साथ कलम चलाउन प्रगतिशील लेखकहरूलाई आग्रह गर्नुभयो । सो अवसरमा उहाँले राज्यका गलत रवैयाको विरोध गर्दै न्यायका पक्षमा र जनताका पक्षमा कलम चलाउनुपर्नेमा जोड दिनुभयो।

पृथ्वीनारायण क्याम्पस, पोखराका पूर्व क्याम्पस प्रमुख गेहेन्द्रेश्वर कोइरालाले



प्रगतिशील साहित्यको विकासमा लेखकहरूको एकताबद्ध प्रयास जरुरी रहेको बताउनुभयो। त्यस्तै, प्रगतिशील समालोचक प्रा.डा. भवानीप्रसाद पाण्डे "भाष्कर"ले दलाली साहित्यको कुनै अर्थ नरहेको भन्दै आलोचनात्मक चेतसहितको साहित्यले मात्र समाजलाई प्रगतिशील बाटोमा लैजान सक्ने धारणा राख्नुभयो।

मुखपत्र "गण्डक आलोक" माथि प्रलेसका पूर्व केन्द्रीय उपाध्यक्ष डा. कृष्णराज अधिकारी, प्रा.डा. यदुनन्दन उपाध्याय र मुक्तिनाथ घिमिरेले टिप्पणी गर्नुभएको थियो । कार्यक्रममा ज्योति भट्टचन, नन्दप्रसाद महतो, हनिफ मियाँलगायतले क्रमशः थकाली, थारू, उर्दू, मगरलगायतका मातृभाषामा रचना वाचन समेत गर्नुभएको थियो।

सो अवसरमा गण्डकी प्रज्ञा-प्रतिष्ठानका सदस्य सचिव मनकुमार श्रेष्ठ, नेपाल आदिवासी जनजाति महासंघ, गण्डकी प्रदेश समन्वय परिषद्का मुख्य सचिव सुजनकुमार लामा, पुष्पकमल सुवेदी स्मृति प्रतिष्ठानका सह-सचिव प्रदीप सुवेदी, संगम सांस्कृतिक मञ्चका अध्यक्ष काजी गाउँले, नारायण परिश्रमी, लक्ष्मण गौतम "हिमाली", नेपाल मगर लेखक संघका पूर्व महासचिव उजीर रानामगर, अग्रज पत्रकार उदयबहादुर अमात्यलगायतको उपस्थिति रहेको थियो।

प्रगतिशील लेखक संघ (प्रलेस) नेपाल, गण्डकी प्रदेशका अध्यक्ष लोकबहादुर थापाको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन सचिव यादवराज उपाध्याय र उपाध्यक्ष विजया सुवेदीले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो । प्रलेस, गण्डकी प्रदेशद्वारा प्रकाशित मुखपत्र "गण्डक आलोक"मा यसअघि, आयोजित बहुभाषिक कवि गोष्ठीमा सहभागी विभिन्न मातृभाषाका कविता समावेश गरिएका छन्।

त्यस्तै, साहित्यका भौतिकवादी आधार, सांस्कृतिक रुपान्तरण र भाषा, संस्कृतिकेन्द्रित विभिन्न शोधमा आधारित लेखहरू समेत मुखपत्रमा समावेश छन्।



# गण्डकी...

फैलिएको कोभिड-१९ को महामारीले अन्यत्र झैँ यस प्रदेशको पर्यटन, उद्योगलगायत क्षेत्रमा पारेको नकारात्मक असरका कारण आय, रोजगारी तथा प्रदेश सरकारको राजस्व प्रभावित हुन गएको छ।

अध्ययनमा आगामी दिनमा समग्र आर्थिक गतिविधि विस्तार गरी गरिबी न्यूनीकरण गर्ने कार्य थप चुनौतीपूर्ण बन्ने देखिएको अध्ययनले औँल्याएको छ। आकर्षक पर्यटकीय भूवनोट भएको गण्डकी प्रदेशमा होटल तथा रेष्टुरेन्टलगायत पर्यटनजन्य व्यवसाय विस्तार हुने पर्याप्त सम्भावना रहेको भन्दै अध्ययनले आगामी दिनमा यस प्रदेशको सम्भावना उल्लेखनीय रहेको स्पष्ट पारेको छ।

निर्माणाधीन पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल, कालीगण्डकी करिडोर तथा मध्यपहाडी लोकमार्गलगायत परियोजनाको निर्माण कार्य सम्पन्न भएपछि यस प्रदेशको आर्थिक गतिविधि विस्तारले ठूलै फड्को मार्न सक्ने प्रतिवेदनमा समावेश छ। प्रदेशको हावापानीअनुसार उच्च हिमाली क्षेत्रमा पशुपालन, मध्यपहाडी क्षेत्रमा फलफूल खेती र नवलपरासी (पूर्व) को तराई र मध्यभागका टार कृषि र औद्योगिक कार्यका लागि उपयुक्त रहेको छ। व्यावसायिक कृषि तथा पशुपालनका लागि उपयुक्त हावापानी तथा भौगोलिक बनावट भएकाले यस प्रदेशमा तरकारी तथा फलफूल उत्पादनलगायत माछापालनको उच्च सम्भावना देखिन्छ। पछिल्लो समयमा व्यावसायिकरुपमा सुन्तला, कफी, स्याउ तथा मौरीपालनमा कृषकको आकर्षण बढ्दै गइरहेको छ। प्रदेश सरकारले कोभिड-१९ बाट प्रभावित ससाना कृषि उद्यम, उत्पादनमूलक उद्योग तथा पर्यटनलगायत सेवामूलक व्यवसाय जोगाई सञ्चालन गर्न निर्ब्याजी, सरल र सुलभ कर्जा उपलब्ध गराउन व्यवसाय जीवनरक्षा कोष कार्यक्रम कार्यान्वयनमा ल्याएको छ। गत भदौ मसान्तसम्म सो कार्यक्रमअन्तर्गत उद्यमी व्यवसायीलाई रु ९३ करोड ४० लाख कर्जा प्रवाह भएको केन्द्रीय बैंकको अध्ययनले देखाएको छ।

गण्डकी प्रदेश अन्य प्रदेशको तुलनामा जलस्रोतमा पनि धनी भएकोले विद्युत् उत्पादनमा ठूलो सम्भावना छ। प्रदेशको विद्युत् उत्पादन गर्ने सम्भावित क्षमता २० हजार ६५० मेगावाट रहेकामा आर्थिकरुपले १२ हजार ९३० मेगावाट जलविद्युत् उत्पादन गर्न सकिने अध्ययनमा समावेश छ।

ठूलो सम्भावना हुँदा हुदै पनि पूँजी तथा प्रविधि अभावका कारण हालसम्म ४४८.५ मेगावाट मात्र जलविद्युत् उत्पादन भएको छ। प्रदेशको स्याङ्जा जिल्लामा १४४ मेगावाटको कालीगण्डकी 'ए' तथा लमजुङ जिल्लामा अपर मर्स्याङ्दी ५० मेगावाट र मध्य मर्स्याङ्दी ७० मेगावाटलगायत आयोजना सञ्चालनमा छन्।

गोरखाको बूढीगण्डकी एक हजार २०० मेगावाट तथा तनहुँ जिल्लाको तनहुँ जलविद्युत् १४० मेगावाट जलाशययुक्त आयोजनालगायत अन्य आयोजना निर्माण शुरु हुने चरणमा छन्। म्याग्दी जिल्लामा केही लघु तथा मझौला आयोजना सञ्चालनमा रहेका छन् भने केही साना, मझौला तथा ठूला आयोजना अध्ययनकै क्रममा छन। प्रदेशमा जलविद्युत्को अतिरिक्त सौर्य र वायु ऊर्जा उत्पादनको पनि उत्तिकै सम्भावना छ। ऊर्जालाई प्रदेश समृद्धिको सम्वाहक बनाउन ठूला जलाशययुक्त जलविद्युत्, सौर्य र वायु ऊर्जा आयोजना विकास गरी विद्युत् उत्पादन उल्लेख्यमात्रामा बढाउनुपर्ने आवश्यकता रहेको अध्ययनले उल्लेख गरेको छ।

निर्माणाधीन राष्ट्रिय गौरवका आयोजनामध्ये पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको भौतिक प्रगति करिब ८१ प्रतिशत र उत्तर-दक्षिण लोकमार्ग (कालीगण्डकी करिडोर) को कार्य प्रगति करिब ७२.५ प्रतिशत छ। मध्यपहाडी लोकमार्गको गोरखा-लमजुङ खण्डको करिब १११ किलोमिटरमध्ये ५५ प्रतिशत र कास्की-पर्वत-बाग्लुङ खण्डको करिब २४५ किलोमिटरमध्ये ८० प्रतिशत कार्य सम्पन्न भएको छ।

बैंक तथा वित्तीय संस्थाबाट सङ्कलित कूल निक्षेप २०७७ असार मसान्तको तुलनामा २२.४ प्रतिशतले वृद्धि भई रु तीन खर्ब ६८ अर्ब ३२ करोड पुगेको छ। कूल कर्जा प्रवाह २७.७ प्रतिशतले वृद्धि भई रु तीन खर्ब १५ अर्ब ६५ करोड पुगेको छ।

गत असार मसान्तसम्म गण्डकी प्रदेशमा बैंक तथा वित्तीय संस्थाले कृषि, वन र माछापालन क्षेत्रमा रु २६ अर्ब ३७ करोड कर्जा लगानी गरेका छन्। जुन यस प्रदेशमा प्रवाहित कूल कर्जाको ८.५ प्रतिशत हो।

# लोकतन्त्र...

हितराज पाण्डेले क्रान्तिकारी पत्रकारले जनताको आवाज बोल्नुपर्ने र कलम चलाउनुपर्नेमा जोड दिनुभयो। कार्यक्रममा माओवादी केन्द्र गण्डकीका सचिव देवेन्द्र पराजुली, प्रेस सेन्टरका केन्द्रीय संयोजक महेश्वर दाहाल, प्रेस सेन्टरका प्रदेश इन्चार्ज एवं पत्रकार महासङ्घका केन्द्रीय सदस्य त्रिभुवन पौडेल, प्रेस युनियनका केन्द्रीय सदस्य ऋषिकान्त पौडेल, प्रेस चौतारी गण्डकीका संयोजक सुष्मा पौडेल, समाजवादी प्रेस सङ्गठनका नेता एवं पत्रकार महासङ्घ गण्डकीका महासचिव गोविन्द सुवेदी, प्रेस सेन्टरका प्रदेश संयोजक अर्जुन काफ्ले, सहसंयोजक दीपक श्रेष्ठ, प्रदेशका नेता सन्तोष गौतमलगायतले संवैधानिक व्यवस्थाअनुसार प्रेसलाई स्वतन्त्रता दिन माग गर्नुभएको थियो। कार्यक्रममा प्रेस सेन्टरका संस्थापक एवं पूर्व अध्यक्षद्वय लोकप्रसाद (एलपी) बञ्जारा र त्रिभुवन पौडेललाई जनपक्षीय पत्रकारिता र सङ्गठनको वृत्ति विकासमा योगदान पुऱ्याएकामा प्रशंसापत्रबाट सम्मानित गरिएको थियो। अधिवेशनले आगामी दुई वर्षका लागि प्रदेश समितिको नयाँ नेतृत्व चयन गर्नेछ।

# नेशनल प्याब्सन कास्कीको नेपाली भाषा ज्ञान प्रतियोगिता

**पोखरापत्र संवाददाता**
**पोखरा, २७ कार्तिक**

नेशनल प्याब्सन कास्कीले आयोजना गरेको नेपाली भाषा ज्ञान प्रतियोगिता शुक्रबार सम्पन्न गरेको छ।



विद्यार्थीहरुको नेपाली भाषा, ज्ञान, सिप विकास गर्ने उद्देश्यले विद्यालय स्तरीय नेपाली भाषा ज्ञान प्रतियोगिता आयोजना गरिएको उक्त प्रतियोगितामा नेशनल प्याब्सनका २८ वटा विद्यालयको सहभागिता रहेको थियो। प्रतियोगितामा अञ्जुली बोडिङ स्कुल टुडिखेल प्रथम, डायमण्ड मोडल स्कुल बेगनास द्धितीय र अल्फा एकेडेमी स्कुल लेखनाथ तृतीय स्थान हासिल गरेका थिए भने त्रिवेणी बोडिङ स्कुल अर्घौचोकले सात्वना स्थान हासिल गरेको थियो। कार्यक्रमको प्रमुख अतिथि गण्डकी प्रज्ञा प्रतिष्ठानका कुलपति सूर्य बहादुर खडका विखर्चीले रहेका थिए।

कार्यक्रममा वोल्दै प्रमुख अतिथि विखर्चीले विद्यार्थीको प्रतिभालाई प्रस्फुटन गराउन एवम् नेपाली भाषाप्रतिको ज्ञान अभिवृद्धिका लागि प्रतियोगिता फलदायी रहेको बताए। अतिरिक्त क्रियाकलाप प्रमुख राजु केसीले विद्यार्थी केन्द्रित विविध कार्यक्रमहरुमध्येको यस कार्यक्रमले विद्यार्थीलाई नेपाली भाषा अध्ययनमा ज्यादै उत्सुक र जागरुक बनाउन सहयोग पुऱ्याउनेमा जोड दिए।

प्रतियोगिताको निर्णयको जिम्मा नेपाली भाषा शिक्षक परिषद कास्कीलाई दिइएको थियो। विद्यार्थीहरूको शारीरिक, मानसिक, सामाजिक एवम् सर्वाङ्गीण विकासका लागि प्रभावकारी भूमिका खेल्न सकोस् भन्ने उद्देश्यले हिज्जे, पर्यायवाची विपरीतार्थक शब्द चरण, अन्ताक्षरी चरण, पदवर्ग चरण, कोठेपद चरण, अनुवाद चरण, अक्षर छुट्याउने चरण, द्रूतगति चरणः संकेत चरण लगायत समावेश थिए।

प्रतियोगिता नेशनल प्याब्सनका अध्यक्ष हेमन्त अधिकारीको अध्यक्षतामा भएको थियो भने कार्यक्रमको संयोजक गौरव थापा रहेका थिए। कार्यक्रमको संचालन तोलाकान्त न्यौपानेले गरेका थिए। विजेता विद्यार्थीलाई सोही अवसरमा प्रमुख अतिथिले पुरस्कार वितरण गरेका थिए। नेशनल प्याप्सन कास्कीले विद्यार्थीहरुका लागि मासिक रुपमा यस्ता रचनात्मक कार्यक्रम गर्दै आएको कार्यक्रम संयोजक गौरव थापाले बताए।

# फोनिज कास्कीको अधिवेशन मंसिरमा, तयारी समिति गठन

**पोखरापत्र संवाददाता**
**पोखरा, २७ कार्तिक**

आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) कास्कीको अधिवेशन मंसिर अन्तिम साता हुने भएको छ।

फोनिज कास्कीको शुक्रबार बसेको कार्यसमिति बैठकले केन्द्रको परिपत्र अनुसार मंसिर २५ गते छेठौं अधिवेशन गर्ने निर्णय गरेको हो। पोखरा नयाँबजार स्थित तमु धीं नेपालको सभाहलमा हुने अधिवेशनको तयारीका लागि मुल आयोजक समितिका साथै आवश्यक ८ वटा उपसमिति समेत गठन गरिएको जिल्ला समिति कास्कीका कार्यवाहक अध्यक्ष दिल प्रसाद गुरुङले जानकारी दिए। अधिवेशन सम्पन्न गर्न कार्यवाहक अध्यक्ष दिल प्रसाद गुरुङको संयोजकत्वमा मुल आयोजक समिति गठन गरेको छ।

त्यसैगरी अधिवेशनका लागि आर्थिक उपसमिति संयोजकमा उमा आले मगर, सदस्यहरुमा संम्राट गुरुङ र सुशिल श्रेष्ठ, अतिथी सत्कार उपसमिति संयोजकमा दुर्गा रानामगर र सदस्यहरुमा सुशिल ज्वारचन, बिनु थापा, मञ्च व्यवस्थापन संयोजक रमेश गुरुङ, सदस्यमा गिता राना मगर, सुशिल ज्वारचन, छवि घर्तिमगर, प्रचारप्रसार उपसमिति संयोजकमा बिनु थापा, सदस्यहरुमा उमा आलेमगर, संम्राट गुरुङ, सोनिया लामा रहेका छन्। त्यसैगरी प्रपोजल, परिपत्र लेखन तथा वितरण उपसमिति संयोजक भुपाल गुरुङ, सदस्यमा दिल प्रसाद गुरुङ, उमा आले मगर, सुशिल श्रेष्ठ, गिता राना मगर, र खाजा व्यवस्थापन संयोजकमा सुशिल श्रेष्ठ, सदस्यहरुमा विनु थापा, संम्राट गुरुङ रहेका छन्। बैठकले यहि मंसिर १ गते देखि २५ गते सम्म नयाँ सदस्यता वितरण तथा नविकरण मिति समेत तोकेको छ। सदस्यता वितरण तथा नविकरणका लागि उपसमिति संयोजकमा सुशिल श्रेष्ठ, सदस्यमा विनु थापा, संम्राट गुरुङ, रमेश गुरुङलाई तोकेका छ। कास्कीका विभिन्न मिडियामा क्रियाशिल आदिवासी जनजाति पत्रकारहरुलाई समेट्ने उद्देश्यले नयाँ सदस्यता वितरण गर्ने निर्णय गरिएको फोनिज कास्कीका सचिव भुपाल गुरुङले जानकारी दिए। नयाँ सदस्य र नविकरण गर्नका लीग उपसमिति एवम फोनिज कास्कीका पदाधिकारी तथा सदस्यहरु संग सम्पर्कमा आई गर्न सकिने उनले बताए। फोनिजको विधान अनुसार नयाँ सदस्यताका लागि २ सय रुपैयाँ र नविकरणका लागि १ सय रुपैयाँ शुल्क समेत तोकेको छ। शुक्रबार बसेको बैठकले अगामी पौष २४ गते हुने प्रदेश अधिवेशन र माघ ७ र ८ गते हुने केन्द्रिय महाधिवेशन सफल बनाउन आवश्यक सहयोग गर्ने निर्णय समेत गरेको जनाएको छ। बैठकले कोरोना महामारीमा आदिवासी जनजाति पत्रकारहरुलाई कोरोना बिमा गरि सहयोग गर्ने तमु धिं युके र अन्य संघसंस्था प्रति आभार प्रकट समेत गरेको छ।

# प्रेस सेन्टर गण्डकीको अध्यक्षमा काफ्ले सर्वसम्मत

**पोखरापत्र संवाददाता**
**कास्की, २७ कार्तिक**

प्रेस सेन्टर नेपाल गण्डकी प्रदेश समितिको अध्यक्षमा स्याङ्जाका अर्जुन काफ्ले सर्वसम्मत चयन हुनुभएको छ।

पोखरामा शनिबार सम्पन्न प्रदेशको दोस्रो अधिवेशनले काफ्लेको अध्यक्षतामा ४१ सदस्यीय कार्यसमिति निर्विरोध निर्वाचित गरेको हो। प्रदेश समितिको वरिष्ठ उपाध्यक्षमा कास्कीका घनश्याम पाण्डेय, उपाध्यक्षमा बाग्लुङका राम थापा, समावेशी महिला उपाध्यक्षमा लमजुङका कमला केसी, प्रथम सचिवमा म्याग्दीका सन्तोष गौतम र कोषाध्यक्षमा कास्कीका विश्वराज सुवेदी चयन हुनुभयो। खुला सचिवमा कास्कीका सुनिल पाण्डे, सुवास अम्गाईं, सविन जिसी, महिला सचिवमा कास्कीका सुशीला क्षेत्री, जनजाति सचिवमा बिनाकुमारी थापा र दलित सचिवमा गुणराज रोका निर्विरोध निर्वाचित हुनुभएको निर्वाचन समितिका संयोजक नारायण भट्टराईले जानकारी दिनुभयो। यसैगरी खुला सदस्यमा आश क्रोम्चे तमु, राजकिरण छत्कुल्ली, सन्दीप खत्री, सागर भण्डारी, प्रनिस गिरी, विमल आचार्य, रामजी आचार्य, दीपक आचार्य, सन्तोष परियार, लिलाधर गिरी, राजकुमार ढकाल, लक्ष्मी पंगेनी, उत्तमबहादुर घर्ती र मुरारी शर्मा रहनुभएको छ। महिला सदस्यमा सविता शर्मा र सरिता खत्री, दलित सदस्यमा लक्ष्मी सुनार र खगेन्द्र विक तथा जनजाति सदस्यमा शर्मिला रोका मगर चयन हनुभएको छ। नवनिर्वाचित समितिलाई पत्रकार महासङ्घका केन्द्रीय सदस्य एवं प्रेस सेन्टरका प्रदेश इञ्चार्ज त्रिभुवन पौडेलले सपथ गराउनुभएको थियो। प्रेस सेन्टरका केन्द्रीय संयोजक महेश्वर दाहाल, केन्द्रीय कार्यालय सदस्य विष्णु सापकोटा, खिलाबहादुर भण्डारी, बलराम थापा, सचिन रोका लगायतले नवनिर्वाचित समितिलाई बधाई तथा शुभकामना व्यक्त गर्नुभएको थियो। प्रदेश अधिवेशनले श्रमजीवी पत्रकार ऐनको कार्यान्वयन, स्थानीय र प्रदेश सरकारको विज्ञापन स्थानीय सञ्चार माध्यममा प्रकाशन प्रशारण गर्नुपर्नेलगायत १० बुँदे पोखरा घोषणापत्र जारी गरेको छ। प्रदेश अधिवेशनको अर्थमन्त्री एवं नेकपा(माओवादी केन्द्र) स्थायी कमिटीका सदस्य जनार्दन शर्माले उद्धाटन गर्नुभयो।

# मधुमेह दिवसमा चिरायु अस्पतालद्वारा मधुमेह प्याकेजमा छुट

**पोखरापत्र संवाददाता**
**पोखरा, २७ कार्तिक**

मधुमेह दिवसको अवसरमा चिरायु नेशनल अस्पताल काठमाडौले मधुमेह प्याकेजमा विशेष छुट दिने घोषणा गरेको छ।

विश्वमा बढदे मधुमेह को समस्याको न्युनिकरणका लागि आफुले पनि योगदान गर्न सकियोस भन्ने उद्देश्यले चिरायुले प्याकेजमा छुटको घोषणा गरेको हो। मधुमेह जाँचको विशेष प्याकेज मधुमेह दिवसको दिन देखी एक हप्ता सम्म खरिद गर्न सकिने अस्पतालले उल्लेख गरेको छ। विश्व मधुमेह दिवस प्रतेक नोभेम्बर १४ का दिन मनाईने गरिएको छ। यो एक हप्ता सम्म सहुलियत दरमा खरिद गर्न सकिन्छ। यो हप्ता (१४ नोभेम्बर देखी २१ नोभेम्बर सम्म ) मधुमेह प्याकेज लिन इच्छुकले ५ हजार ९९ रुपैयाँ मात्र तिरे पुग्ने छ। साथै यो हप्तामा एक र प्याकेजको पैसा तिरेमा १ महिना सम्म सोही दरमा प्याकेज गराउन पाईने छ।

चिरायुले मधुमेह दिवसको दिन डा. अजय प्रधानले निःशुल्क कन्सलटयन्ट सेवा समेत सञ्चालन गर्ने छन्। कुनै पनि व्यक्तिको रिर्पोट मा सम्सया आएमा मात्र दिन डा. अजय प्रधानको टिकटमा पैसा तिर्नु पर्ने चिरायु नेशनले अस्पतालका जनसर्म्पक अधिकृत किरण फुयालले पोरापत्रलाइ वताए।

# मुख्यमन्त्री पोखरेलको निर्देशन

**पोखरापत्र संवाददाता**
**लमजुङ, २७ कार्तिक**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले सरकारका नीति तथा कार्यक्रमलाई आ-आफ्नो ठाउँबाट लागू गर्दै जनतालाई दिने सेवा सुविधा छिटोछरितो, चुरुस्त र दुरुस्त बनाउन कर्मचारीलाई निर्देशन दिनुभएको छ।

लमजुङ बैंसीसहर नगरपालिका-८ स्थित जिल्ला प्रशासन कार्यालयमा कर्मचारीलाई आज निर्देशन दिँदै उहाँलेसरकारीसेवातथासुविधाबाट नागरिकलाई बञ्चित नगराउन र सरकारलाई सहयोग गर्न पनि सुझाव दिनुभयो। मन्त्री पोखरेलले लमजुङमारहेकाबाढीपहिरापीडित, भूकम्पपीडितका समस्यालगायत जीर्ण बन्दै गएको सडक, बाटो, खानेपानी समस्या, कोरोना सङ्क्रमण न्यूनीकरण र स्वास्थ्य क्षेत्रमा प्रदेश सरकारले प्राथमिकथा दिने बताउनुभयो। प्रदेशकै जनसङ्ख्या तथा स्वास्थ्यमन्त्री मधुमाया अधिकारी गुरुङले जिल्लाको समस्या समाधान गर्न लागिपर्नेमा जोड दिनुभयो। जिल्लामा निर्माणाधीन रहेको पिसिआर भवनका लागि करिब रु ५० लाख आवश्यक रहेको र यसका लागि प्रदेश सकारले सहयोग गर्न स्वास्थ्य कार्यालयका प्रमुख अमर दबाडीले मुख्यमन्त्रीसँग अनुरोध गर्नुभयो। कार्यक्रममा प्रदेशका बिनाविभागीय मन्त्री टोबाटे विक, प्रमुख जिल्ला अधिकारी सुशील वैद्यलगायत जिल्लाका सरकारी कार्यालय प्रमुख तथा कर्मचारी र सञ्चारकर्मीको उपस्थिति थियो।


**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरूषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्धार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।



**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः **पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

सुक्तिसुधा

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

## सम्पादकीय

# ट्रेड युनियनको जस्तो आन्दोलन

प्रधान न्यायाधीश चोलेन्द्र शमशेर राणाको राजिनामा माग गर्दैन सर्वोच्च अदालतका न्यायाधीशहरूले इजलासले बहिष्कार गरिरहेका छन् । कानुन व्यवसायीहरूको प्रतिनिधिमूलक संस्था नेपाल बार एसोसियसन प्रधान न्यायाधीश राणालाई पदच्यूत गराउन आन्दोलन गरिरहेका छन । बार र बेन्च दुवैतिरको चर्को विरोधको सामना राणाले गरिरहेका छन । न्यायिक क्षमताको अभाव र भ्रष्टाचारको आरोप लागेको छाप्रधान न्यायाधीश राणामाथि यतिधेरै आरोप लाग्नु अदालतको नेतृत्वमा कस्ता पुग्छन् भन्ने ज्वलन्त उदाहरण हो । देशको सर्वोच्च अदालतका प्रधान न्यायाधीश हटाउन कानुन व्यवसायीले ट्रेड युनियनले जस्तै आन्दोलन गर्ने ,प्रधानन्यायाधीश जस्केलाबाट कार्यालयभित्र पस्ने लाजमर्दो अवस्था हो । बारको आ(न्दोलन र त्यस विरुद्धको आन्दोलनले सबैलाई लज्जित बनाएको छ ।

यही अवस्था देखेर नै अन्तर्राष्ट्रिय संस्थाहरू इन्टर नेसनल कमिसन अफ जुरिष्ट, एमनेस्टी इन्टरनेसनल तथा ह्युमन राइटस वाचले नेपालको न्यायालयको स्थितिप्रति चिन्ता प्रकट गरेका हुन् । सर्वोच्च अदालतमा भएका यस्ता गतिविधिले सबैको शिर निहुरिनु पर्ने बनाएको छ । सरकारका उच्चपदस्थ अधिकारीहरु र दलका शिर्ष नेताहरू कहिले न्यायालयको स्वतन्त्रतामा हस्तक्षेप नगर्ने भन्दै पन्छन खोज्छन् ।कहिले तमासा हेरेर बस्न नसकिने भन्छन् । अहिले देखिएको वेथिति हटाउन कानुनी र संवैधानिक बाटो नखोजी सडकबाट हटाउन खोज्दा कस्ता नजिर बस्छ भन्ने सोच्नुपर्छ ।

यति धेरै बद्नाम भइसकेपछि पदमा बसिरहे पनि अब उनले सहजरूपले कर्तव्य सम्पादन गर्नसक्ने अवस्था देखिँदैन । यसैले प्रधान न्यायाधीश राणाले राजीनामा दिएर आफ्नो गरिमामय पदको मर्यादा जोगाउनु सर्वोत्तम उपाय हुनेछ । राणा राजीनामा नगर्ने जिद्दीमै अडिइरहने हो भने राजनीतिक दलका शीर्ष नेताहरूले देशलाई यो लज्जा र विसङ्गतिको दुश्चक्रबाट मुक्त गर्नुपर्छ । प्रधान न्यायाधीश राणालाई प्रधानमन्त्री शेरबहादुर देउवा वा सत्तारूढ दलका नेताहरूले आड दिएका हुन् भने त्यो उनीहरूकै लागि प्रत्युत्पादक हुनेछ । कार्यपालिकामा भाग खोज्ने र दिने दुवै दोषी हुन । न्यायालयप्रति जनविश्वास गुम्न नदिन स्वतन्त्र छानवीन समिति गठन गरेर न्यायिक क्षमता गुमाएका, भ्रष्टाचारमा संलग्न भएका, राजनीति गर्न खोज्नेलाई विदा गरेर सक्षम,ईमान्दार र न्यायिक मन भएकालाई अदालतमा ल्याउने वातावरण बनाउनु आवश्यक छ ।

# बारीबाटै गोलभेडा बिक्री हुँदा किसान दङ्ग

–कृष्ण न्यौपाने
दमौली, २७ कार्तिक

तनहुँको शुक्लागण्डकी नगरपालिका-१० मलागिरीका कृषक सुरेन्द्र वाग्ले बारीबाटै गोलभेडा बिक्री हुन थालेपछि उत्साहित बन्नुभएको छ ।

सर्वसाधारण गोलभेडा खरिदका लागि बारीमै पुग्न थालेपछि उहाँ उत्साहित बन्नुभएको हो । विचौलिया बिना टनेलबाटै प्रतिकिलो रु एक सयमा गोलभेडा बिक्री भइरहेको वाग्लेले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "पहिला प्रतिकिलो रु २५ मा बिक्री हुन गाह्रो भइरहेको थियो, दसैंका बेला बजारमा भाउ बढ्यो, अहिले टनेलबाटै खोसाखोस भइरहेको छ ।"

बजारमा मूल्य बढ्दा गाउँमै माग धेरै भएको वाग्लेको भनाइ छ । "बजारबाट पनि माग आएको छ । उत्पादन भएको सबै गाउँमै बिक्छ, माग अनुसार पुर्‍याउन सकेको छैन", उहाँले भन्नुभयो । दसैंका बेला गोलभेडा राम्रो विक्री भएको वाग्लेले बताउनुभयो । "गाउँमा आएकाले पनि फर्किदा गोलभेडा किनेर लग्ने गरेको छ", उहाँले भन्नुभयो, "बारीबाटै गोलभेडा बिक्री हुँदा सहज भएको छ ।" उहाँका अनुसार बारीमै आएर किनबेच हुँदा किसान र उपभोक्ता दुवैलाई फाइदा पुगेको छ । टनेलबाट प्रतिकिलो रु ८० देखि रु एक सयसम्म बिक्री हुने गरेको चापस्वाँराका किसान इन्द्र आलेले बताउनुभयो । अहिले पाएको मूल्यले किसानलाई राहत पुर्‍याएको उहाँको भनाइ छ । "मिहिनेत अनुसारको मूल्य पाउँदा किसानलाई निरन्तरता दिन हौसला मिल्छ । लगानीको प्रतिफल पाएपछि लगनशील समेत बनाउँछ", उहाँले भन्नुभयो, "यो समयमा परिश्रम अनुसारको फल पाइएको छ । विगतका वर्षमा गोलभेडा निकै सस्तोमा बेच्नु परेको थियो ।" बारीबाट बिक्री नहुँदा व्यापारीलाई कम मूल्यमा दिँदा लगानी पनि उठ्न गाह्रो हुने कृषक बताउँछन् । बजारबाट तरकारी व्यापारीले ठूलो परिणाममा गोलभेडाको माग गरेको छ । तर टनेलबाटै खुद्रा मूल्यमा बिक्री भएपछि बजारमा नपठाएको आलेले बताउनुभयो । यही मूल्य कायम रहे यसपाली गोलभेडा खेती गरेका किसानले मनग्य आम्दानी गर्ने उहाँले बताउनुभयो । गोलभेडाको उत्पादन कम हुँदा बजारमा यसको मूल्य बढेको तरकारीव्यवसायीरामनन्दचौधरीले बताउनुभयो । उहाँका अनुसार यो सिजनमा तनहुँमा गोलभेडा भारतसँगै काठमाडौँ र धादिङबाट ल्याइन्छ । "महङ्गो भएपछि यतिबेला भारतको गोलभेडा ल्याइएको छैन । काठमाडौको मात्रै बजारमा आएको थियो ।

त्यसैले महङ्गो भयो । अब धादिङमा पनि उत्पादन सुरु भएको छ । बजारमा आउन थालिसक्यो, विस्तारै मूल्य घट्दै जान्छ," उहाँले भन्नुभयो ।

अरु बेला भारतीय गोलभेडा सस्तो मूल्यमा बजारमा छ्यापछ्याप्ती हुँदा किसानले मिहिनेत अनुसारको मूल्य नपाएको गुनासो गर्दथे । तर, अहिले टनेलबाटै खोसाखोस हुन थालेपछि किसान दङ्ग छन् । गोलभेडा खेती गर्ने किसानलाई स्थानीय सरकारले अनुदान दिन थालेपछि गाउँ-गाउँमा टनेलबाट गोलभेडा खेती थालिएको छ ।

स्थानीय सरकारले महिला तथा युवा वर्गलाई उत्पादनसँग जोड्ने प्रभावकारी कार्यक्रम ल्याउनुपर्नेमा जोड दिदैं उहाँले यस्ता उत्पादनमुखी कार्यक्रमको दीगोपनका लागि स्थानीय सरकार जिम्मेवार भएर लाग्नुको विकल्प छैन भन्नुभयो । "तीनवटा प्लाष्टिक टनेल हुने हो भने गोलभेडा, साग, बन्दा, काउली, सिमी, धनीया, काक्रोलगायत विभिन्न जातका मौसमी तथा बेमौसमी तरकारी खेती गरेर मासिक रु ३० देखि ५० हजारसम्म आम्दानी गर्न सकिन्छ", किसान आलेले भन्नुभयो, "यसले पर्यापर्यटनको वृद्धिसँगै कृषिको माध्यमबाट स्थानीय स्तरमा रोजगारी सिर्जनामा समेत टेवा पुर्‍याउँछ ।"

कृषि क्षेत्रको दिगो विकासका लागि जलवायु तथा वातावरणमैत्री प्रविधि र अभ्यासहरूको प्रयोग एवम् स्थानीय स्रोतसाधनको उचित व्यवस्थानमार्फत उत्पादन र गुणस्तर वृद्धि गर्ने लक्ष्यका साथ कृषिमा अनुदान कार्यक्रम सञ्चालन हुँदै आएको छ ।

# २९५ संक्रमित थपिए

रासस
काठमाडौं, २७ कार्तिक

पछिल्लो २४ घण्टामा २९५ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सार्वजनिक गरेको बुलेटिनमा आठ हजार २४३ जनामा परीक्षण गर्दा सो सङ्ख्यामा सङ्क्रमण पुष्टि भएको हो ।

शनिबार थपिएकासँगै देशभर सक्रिय सङ्क्रमित सात हजार २७८ जना रहेको मन्त्रालयले जनाएको छ । नेपालमा सङ्क्रमण दर १८.२ प्रतिशत पुगेको छ । पाँच सय बढी सङक्रमित भएको एक मात्र जिल्ला ललितपुर छ । दुई सयभन्दा बढी सङ्क्रमित भएका जिल्ला १० छन् । ती जिल्लामा मोरङ, सुनसरी, धनुषा काठमाडौँ, भक्तपुर, कास्की, पूर्वी नवलपरासी, रुपन्देही, बाँके र कैलाली रहेका छन् । हुम्ला र मुगुमा सङ्क्रमित सङ्ख्या शून्य रहेका छन् । पछिल्लो २४ घण्टामा ४७८ जनाले कोरोना भाइरसको सङ्क्रमणमुक्त भई फर्किएका छन् । योसँगै हालसम्म नेपालमा सङ्क्रमणबाट मुक्त हुनेको सङ्ख्या सात लाख ९७ हजार ९२६ जना रहेको छ । नेपालमा सङ्क्रमणमुक्त हुने दर ९७.७ प्रतिशत छ ।

# गह्रौँसुर कालिका मन्दिरलाई पर्यटकीय आकर्षणको केन्द्र बनाइने

पोखरापत्र संवाददाता
वालिङ, २७ कार्तिक

स्याङ्जाको प्रसिद्ध धार्मिक स्थलकारुपमा परिचित गह्रौंसुर कालिका मन्दिरमा बडादसैंको अवधिभरमा रु दश लाख बढी भेटी सङ्कलन भएको छ ।

स्याङ्जाको वालिङ-८ र गल्याङ नगरपालिका १० को सङ्गमस्थलमा अवस्थित गह्रौंसुर मन्दिरमाबडादसैंकोघटस्थापनादेखि कोजाग्रात पूर्णिमाको दिनसम्ममा रु दश लाख २४ हजार ३३२ सङ्कलन भएको गह्रौंसुर धार्मिक एवं पर्यटकीय केन्द्रका अध्यक्ष सुरजप्रताप खाँणले जानकारी दिनुभयो ।

अध्यक्ष खाँणका अनुसार मन्दिरमा विभिन्न शीर्षकमा सङ्कलन भएको रकममध्ये भेटीबाट रु तीन लाख ३९ हजार ८२४, पाठाको टाउको बिक्रीबाट रु दुईलाख ६७ हजार ९७०, पाठा सरसफाइबाट रु एकलाख ८५ हजार ९००, परेवा बिक्रीबाट रु ५४ हजार ६००, विभिन्न शीर्षकबाट रु एकलाख ७६ हजार ३८ गरी रु दश लाख २४ हजार ३३२ रकम सङ्कलन भएको हो ।बडादसैंको अवधिभर पूजा व्यवस्थापनका लागि रु तीनलाख ६८ हजार ९५५ खर्च भएको अध्यक्ष खाँणले बताउनुभयो । खर्च कटाएर बचत भएको रु छ लाख ५५ हजार ३७७ रकमले मन्दिरमा पुजारीको पारिश्रमिक, मन्दिर व्यवस्थापनमा खर्च गरिने अध्यक्ष खाँणको भनाइ थियो ।

तत्कालीन बाइसे चौबीसे राज्यअन्तर्गतको गह्रौंकोट राज्यका प्रथम राजा दशरथ खाँणको समयमा स्थापित ऐतिहासिक एवं पुरातात्विक महत्वको यस मन्दिर ५५० वर्ष पुरानो मानिन्छ । धार्मिक एवं पर्यटकीय दृष्टिले प्रचुर सम्भावना बोकेको यस मन्दिरको अझै प्रचारप्रसार गरी आन्तरिक तथा बाह्य पर्यटकको आकर्षणको केन्द्रको रुपमा विकास गर्नका लागि भौतिक पूर्वाधार, सुविधासम्पन्न अतिथिगृह, सडकको स्तरोन्नति, खानेपानीलगायतको व्यवस्थापन गर्ने कार्य भइरहेको पर्यटकीय केन्द्रका कोषाध्यक्ष केशभक्त गुरुङले जानकारी दिनुभयो । विशेष गरी बडादसैं र चैतेदसैंमा यहाँ हजारौंको सङ्ख्यामा बलि दिने गरिन्छ । एकादशी, औंशीबाहेक यहाँ हरेक दिन बलि दिने गरिएको छ । स्याङ्जासहित पाल्पा, गुल्मी, पर्वत, बागलुङ, तनहुँ, बुटवल, पोखरालगायतका स्थानबाट यहाँ बर्सेनि हजारौं भक्तजन पूजाआजाका लागि आउने गर्छन् । वालिङ बजारबाट झण्डै आठ किलोमिटरको कच्ची ग्रामीण सडक हुँदै यस ठाउँमा पुग्न सकिन्छ । समुद्र सतहदेखि झण्डै एक हजार ६०० मिटरको उचाइमा रहेकाले पनि यहाँबाट हिमश्रृङ्खला, स्याङ्जासहित पाल्पा, नवलपरासी, कास्की, गुल्मी, पाल्पा, तनहुँलगायतका जिल्लाका केही भेग देख्न सकिन्छ ।

# लमजुङमा आगामी पुस १२ गतेदेखि त्रिवेणी कप हुँदै

पोखरापत्र संवाददाता
लमजुङ, २७ कार्तिक

जिल्लाकै ठूलो राशि भएको २९ त्रिवेणी कप प्रतियोगिता बैंसीसहरमा आगामी पुस १२ देखि सञ्चालन हुने भएको छ ।

बैंसीसहर नगरपालिका-७ स्थित सहजी खेलमैदानमा त्रिवेणी युवा क्लबको आयोजनामा २९औं त्रिवेणी कप राष्ट्र्व्यापी फुटबल प्रतियोगिता सञ्चालन हुने भएको हो ।

आयोजक क्लबले आज पत्रकार सम्मेलन गरी उक्त प्रतियोगिताबारे जानकारी गराएको हो । वर्षेनि यहाँ उक्त प्रतियोगिता हुँदै आए पनि गत वर्ष कोरोना सङ्क्रमणका कारण स्थगित गरिएको र यस वर्ष जोखिम कम भएकाले प्रतियोगितालाई निरन्तरता दिन लागिएको क्लबका अध्यक्ष विनोद गुरुङले बताउनुभयो । उहाँले भन्नुभयो, "खेलाडीहरूको प्रतिभा तिखार्दै राष्ट्रिय खेलाडी उत्पादन गर्नेदेखि जिल्ला र देशलाई चिनाउन यस प्रतियोगिताले सहयोग गर्नेछ ।

फुटबल खेललाई व्यावसायिक बनाउने, प्रतिभाशाली खेलाडीको पहिचान गराउने र स्थानीय खेलाडीलाई राष्ट्रियस्तरका खेलाडीसँग खेलको अनुभव बटुल्न अवसर दिने भएकाले सो प्रतियोगिता आयोजना गर्न लागेको बताइएको छ । यस्ता प्रतियोगिताबाट वर्षेनि राम्रा राम्रा खेलाडी उत्पादन हुँदै आएका र यस वर्षसमेत राम्रो फुटबल खेलाडी उत्पादन हुने अपेक्षा आयोजकको छ । यस प्रतियोगितामा लमजुङसहित काठमाडौ, पोखरा, चितवन, मनाङ, गोरखा, तनहुँलगायत ठाउँबाट करिब २५ टोलीको सहभागिता हुने अपेक्षा गरिएको छ । प्रथम हुने टोलीलाई रू पाँच लाख, पदक, ट्रफी र प्रमाणपत्र र दोस्रोलाई रू तीन लाखसहित अन्य पुरस्कार दिइने क्लबका अध्यक्ष गुरुङले बताउनुभयो ।

त्यस्तै, सेमिफाइनमा पुग्ने दुई टोलीलाई रू ५०/५० हजार र प्रमाणपत्र, सर्वाधिक गोलकर्ता र सर्वोत्कृष्ट खेलाडीलाई जनही रु १५/१५ हजार प्रदान गरिने भएको छ । प्रतियोगिताको क्वार्टर फाइनलभन्दा माथिमा खेलहरूमा 'म्याच अफ दी म्याच' घोषणा गरेर ट्रफी र प्रमाणपत्र वितरण गरिने भएको छ ।

प्रतियोगितामा करिब २५ टोलीको सहभागी हुने अपेक्षा भए तापनि राम्रो टोली छनोट गरेर १६ टोलीलाई मात्र खेलाउने कि वा सहभागी सबै टोलीलाई खेलाउने भन्ने विषयमा टुङ्गो लगाउन भने बाँकी रहेको अध्यक्ष गुरुङले भन्नुभयो । उहाँका अनुसार प्रतियोगितामा दैनिक पाँच हजार दर्शकको उपस्थिति हुने अपेक्षा गरिएको छ । करिब १० दिनसम्म हुने प्रतियोगिता अवधिभर ५० हजार दर्शकको उपस्थित हुने अनुमान आयोजकको छ । यहाँ सहभागी दर्शकमध्ये दैनिक आठ सयलाई प्याराफिट सिटमा बस्न सक्ने र उनीहरूलाई प्रतिव्यक्ति रु ५० टिकटको व्यवस्था गरिने भएको छ ।

# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सम्मान मिल्नेछ | तुला | : मन चञ्चल |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : मानसिक तनाब | मकर | : शत्रुको भय |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : झमेला बड्ने | मीन | : कार्यमा सफलता |

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# पर्वतका २२ सय कोभिड प्रभावितले सरकारको राहत पाउने

पोखरापत्र संवाददाता
पर्वत, २७ कार्तिक

पर्वतका झण्डै दुई हजार २०० कोभिड-१९ प्रभावित परिवारले सरकारको सहयोग पाउने भएका छन् ।

जिल्लाका सातवटा स्थानीय तहका दुई हजार १८८ कोरोना प्रभावित परिवारले सरकारबाट राहत रकम पाउने भएका हुन् । कोभिड-१९ का कारण रोजगारी तथा आम्दानीका स्रोत गुमाएका परिवारलाई रु १० हजार नगद दिने सरकारको निर्णयअनुसार पर्वतका दुई हजार १८८ परिवारले राहत पाउने भएका हुन् ।

जिल्लाका स्थानीय तहहरूबाट वितरण हुने उक्त सहयोगका लागि आवेदन दिन सूचनासमेत प्रकाशन भएको छ । पर्वत जिल्लाको जलजला गाउँपालिकाका ४४६, मोदीका ३११, कुश्मा नगरपालिकाका ५२८, फलेवास नगरपालिका ३८६, महाशिला गाउँपालिकाका १४४, बिहादीका १७९ र पैंयुँ गाउँपालिकाका १९४ परिवारले राहातस्वरुप उक्त रकम पाउने भएका हुन् । गत सोमबारको मन्त्रिपरिषद्को निर्णयअनुसार एक महिनाभित्र पीडितको खातामा उक्त रकम जाने गरी व्यवस्था भएको छ । अनुदान प्राप्त गर्न मापदण्डभित्र पर्ने परिवारका कुनै एक सदस्यले सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र आफू स्थायी वा अस्थायीरूपमा बस्दै आएको स्थानीय तहको सम्बन्धित वडा कार्यालयमा कार्यविधिको ढाँचामा निवेदन पेश गर्नुपर्नेछ ।

जिल्लाका सातवटै स्थानीय तहले सहयोग पाउन योग्य हुनेको सूचीसहित सूचना प्रकाशन गरिसकेको बिहादी गाउँपालिकाका अध्यक्ष कमल भुसालले जानकारी दिनुभयो । कार्यविधिअनुसार विगतमा गर्दै आएको रोजगारी पूर्णरूपमा गुमाएको र रोजगारीको अर्को अवसरसमेत प्राप्त गर्न नसकी बेरोगार भएका असङ्गठित क्षेत्रका मजदुर वा कामदारले उक्त नगद सहयोग पाउनेछन् । खुला सडक, फुटपाथ वा चौरमा खर्पन, नाङ्लो, डोकोमा सामान बेच्ने अतिविपन्न व्यवसायीले पनि पाउनेछन् । नगद सयोग पाउनेमा दैनिक ज्यालादार भरिया, कृषि मजदुर, गोठाला, खेताला, ज्यालादारी श्रमिक, रिक्सा चालक, ठेलागाडा मजदुर, सार्वजनिक यातायातका मजदुर, पर्यटक भरिया पनि पर्नेछन् ।

कोभिड सङ्क्रमणको कारणबाट एकाघरपरिवारको आयआर्जन गर्ने मुख्य सदस्यको मृत्यु भई आर्थिक सङ्कट झेल्नुपरेको परिवार तथा अभिभावक गुमाएका असहाय नाबालिगको स्याहार गर्ने परिवारले पनि उक्त रकम प्राप्त गर्न सक्नेछन् ।

# करेन्ट लागेर मृत्यु भएको व्यक्तिका परिवारलाई १६ लाख

पोखरापत्र संवाददाता
दमौली, २७ कार्तिक

करेन्ट लागेर मृत्यु भएका तनहुँको शुक्लागण्डकी नगरपालिका-३ दुरुङचङका २७ वर्षीय चित्रबहादुर रानाको परिवारलाई रु १६ लाख क्षतिपूर्ति दिने सहमति भएको छ । ग्रामीण पूर्वाधार तथा वातावरण विकास मञ्च र पीडित परिवारबीच आज भएको छलफलपछि पीडित परिवारलाई रु १६ लाख क्षतिपूर्ति दिने सहमति भएको हो ।

बिहीबार रानाको करेन्ट लागेर मृत्यु भएको थियो । विद्युत् व्यवस्थापन समितिको लापरबाहीका कारण करेन्ट लागेको भन्दै पीडित परिवारले शव बुझेका थिएनन् । पीडितले रु २५ लाख क्षतिपूर्तिको माग गरेका थिए । चित्रबहादुर आफ्नै कोठामा हातमा मोबाइल लिइरहेको अवस्थामा अचेत भेटिएका थिए । स्थानीयवासीका अनुसार उनको दाहिने हात, मोबाइल र चार्जरसमेत जलेको थियो । उपचारका लागि बेलचौतारास्थित जिपी कोइराला राष्ट्रिय श्वासप्रश्वास उपचार केन्द्र ल्याइएकामा चिकित्सकले मृत घोषणा गरेका थिए । क्षतिपूर्ति दिने सहमति भएसँगै शव दमौली अस्पतालमा परीक्षण गरी बेलचौतारामा लगेर अन्त्येष्टि गरिएको छ । समितिले किरिया खर्चबापत रु एक लाख आइतबार उपलब्ध गराउने र बाँकी रु १५ लाख पुस २५ गतेभित्र उपलब्ध गराउने सहमति गरेको छ ।

करेन्ट लागेर सोही ठाउँका अन्य दुईजना घाइते भएका थिए । घाइतेको पनि उपचार खर्च समितिले बेहोर्ने भएको छ ।

# चिसो बढेपछि भत्किएकै घरमा फर्किन बाध्य भए बाढीपीडित

–नवीन लामिछाने

मनाङ, २७ कार्तिक (रासस)

जाडो बढ्दै गएपछि मनाङका बाढीपहिरा पीडित जोखिमयुक्त घरमा फर्किन बाध्य भएका छन् ।

चार महिनादेखि त्रिपालमा बसेका बाढीपीडित जाडो बढेपछि त्यसबाट सुरक्षित हुन जोखिमयुक्त घरमै भएपनि फर्किन थालेका हुन् । मर्स्याङ्दी नदीमा आएको बाढीको डुबान र पहिराले नासों गाउँपालिकामा मात्रै ८२ घरधुरीमा क्षति पुगेको थियो । त्यहाँका १५ घर अझै उच्च जोखिममा छन् । अविरल वर्षासँगै जेठ ३१ गते राति मर्स्याङ्दी नदी बढ्न थालेपछि नासों गाउँपालिका-१ तालगाउँ बाढीपीडित गाउँतर्फ नै फर्किए चिसोबाट जोगिने ओत खोज्न थालेका छन् ।

राति आएको बाढीमा ज्यान जोगाउनेमध्येका एक हुनुहुन्छ रामचन्द्र गुरुङ । उहाँले भन्नुभयो, "दुईतले घरको भुइँमा झर्दा पानी घुँडासम्म आइसकेको थियो । हारगुहार गर्दै तालडाँडासम्म पुगेर ज्यान बचाइयो । बिहान नहुँदै मेरो घर नभई तालगाउँ नदीको डुबानमा परेका थियो । चार महिना हुँदासम्म पनि सुरक्षित व्यवस्थापन हुन नसक्दा डुबानमा परेको घरमा जाडोबाट जोगिन ओत यही घरमा लाग्न बाध्य भएका छौं ।" पछिल्लो समय सङ्घसंस्थाको सहयोगमा आएको त्रिपालमा बस्दै आएका ताल गाउँवासी बाढीले आधा भत्काएको घरमा फर्किएका छन् । "कोठामा ढुङ्गा, मुढा र बालुवा पसेका छन् । दुईतले घरको तल बस्नै मिल्दैन । माथिको तला सरसफाइ गरेर, बार बेरेर बसेका छौं," रामचन्द्रले भन्नुभयो । उहाँका भिनाज्यू चन्द्र सिंह गुरुङको परिवार पनि उहाँसँगै बस्दै आउनुभएको छ । "भेनाको सबै घर डुबेकाले बस्ने नमिल्ने भएको छ," उहाँले भन्नुभयो, "धेरैजसो बाढीपीडित घरपरिवार संयुक्त रूपमा मिलेर बस्न थालेका छौं ।" उहाँजस्तै नगेन्द्र गुरुङको परिवार पनि त्रिपालबाट भत्किएकै घर सामान्य मर्मत गरी बस्न थाल्नुभएको छ । "भुइँतलाको घर चार कोठाको थियो । फ्रेस हाउस र खोर पनि डुबायो," नगेन्द्रले भन्नुभयो, "एउटा कोठा काम लाग्दैन । चारवटा सबै पुरिएको छ । अरू कोठामा पसेको लेदो, गिट्टी, बालुवा फालेर बस्न थाल्यौं ।"

उहाँका अनुसार चारजनाको परिवार करिब चार महिना डाँडामा त्रिपालमा बसेर बितायौं । जाडो छल्न बाध्य भएर अहिले घरमा फर्किएका छौं । जाडो बढेपछि त्रिपालले चिसो छल्न मुस्किल भएकाले बगरकै जोखिमयुक्त घरमा फर्किनुपरेको उहाँको भनाइ छ । स्थानीय सिंहबहादुर गुरुङका अनुसार तालगाउँका नौ घरपरिवार तालडाँडामा त्रिपालमा छन् । ताल गाउँको सबै घर डुबानमा परेको थियो । सिरान तालको सात घरसहित करिब ६० घर डुबानमा परेको नासों गाउँपालिका-१ का अध्यक्ष झलकबहादुर गुरुङले बताउनुभयो । ताल गाउँका मात्रै नभएर नासों गाउँपालिका-३ धारापानी, सदरमुकाम चामेका बाढीपहिरा पीडित पनि भत्किएकै घरलाई टालटुल पारेर सामान्य मर्मत गरी बस्न थालेका छन् । गाउँपालिकाका वरिष्ठ कार्यक्रम अधिकृत गोविन्दबहादुर रानाभाटका अनुसार गाउँपालिकाभित्रका ८२ घरधुरीमा बाढीपहिराले क्षति पुऱ्याएको छ । ४४ घर पूर्णरूपमा क्षति भएका छन् । यस क्षेत्रका १५ घरधुरी आंशिक क्षति तर उच्च जोखिममा रहेका छन् भने न्यून जोखिमका २३ घरधुरी छन् । वरिष्ठ कार्यक्रम अधिकृत रानाभाटका अनुसार १ नं वडाको तालमा मात्रै ५९ घरमा क्षति पुगेको थियो । २३ घर पूर्ण क्षति भएका छन् । आठ घरमा सामान्य क्षति भएका छन् । अझै पनि तालका १५ घरपरिवार छिमेकीको आश्रयमा बस्न बाध्य छन् भने ६ घरपरिवार अन्यत्रै सरेका छन् । नासों-३, धारापानीका १४ घरपरिवार आफन्त कहाँ आश्रय लिएका लिन बाध्य छन् ।

गाउँपालिका अध्यक्ष चन्द्र घलेले बाढीपीडितलाई पुनःस्थापनाका लागि गाउँपालिकाको पूर्ण क्षति भएका ४४ परिवारलाई रु एक लाखका दरले क्षतिपूर्ति दिने बताउनुभयो । उहाँका अनुसार आंशिक तर उच्च जोखिम भएका १५ परिवारलाई रु ५० हजार र न्यून जोखिमका २३ घरपरिवारलाई रु ३० हजारका दरले राहत उपलब्ध गराउने निर्णय गरिएको छ । "हामीले विपद् कोषमार्फत पीडितलाई केही समयमा राहत उपलब्ध गराउने तयारीमा लागेका छौं । यसबाट उहाँहरूले केही मात्रा व्यवस्थापन गर्न पाउनुहुनेछ", उहाँले भन्नुभयो, "दिगो व्यवस्थापनका लागि पुनर्निर्माण कार्य हुन्छ ।" पुनर्निर्माणका लागि सङ्घीय सरकारले रु पाँच लाख उपलब्ध गराउने उद्घोष गरिसकेको छ भने प्रदेश सरकारले पनि रु दुई लाख दिने घोषणा गरेको छ ।

सङ्घीय सरकारले ६०, प्रदेश सरकारले ३० र स्थानीय सरकारले १० प्रतिशत निजी आवास पुनर्निर्माणका लागि रकम उपलब्ध गराउने उहाँले बताउनुभयो । "अहिले कोही त्रिपालमा, कोही भत्केको/बिग्रिएको घरमा बस्न थाल्नुभएको छ । घर निर्माण कार्य छिटो गरिदिनुपर्छ भनेर लागिपरेका छौं", अध्यक्ष घलेले भन्नुभयो, "के गर्नु, अझै विज्ञ टोली पीडितको घर अनुगमनका लागि आइपुग्नुभएको छैन ।" जिल्ला प्रशासन कार्यालयका सूचना अधिकारी गणेश न्यौपानेका अनुसार प्रशासनले प्रारम्भिक तथ्याङ्कअनुसार पूर्ण क्षति भएका ८६ घरधुरीको सङ्ख्या सम्बन्धित पालिकालाई पठाइसकेकोको छ । सामान्य क्षति भएकाको विवरण भने यकिन गर्न सकिएको छैन । "हामीले पठाएको विवरणलाई प्रमाणित गरेर पालिकाले पठाइसकेका छैनन्", उहाँले भन्नुभयो, "सबै लाभग्राहीको प्रमाणित विवरण नआउँदा ढिलाइ भएको हो, आएपछि काम अगाडि बढ्नेछ ।" उहाँका अनुसार गाउँपालिकाले लाभग्राही सूचीमा दाबीसहित अनलाइन अभिलेख राख्ने काम गरिरहेको छ । "पालिकाले अनलाइनमा इन्ट्री गरेपछि सबै सरकारी सर्भरमा जान्छ । त्यसपछि लाभग्राही सूची तयार हुन्छ र पुनर्निर्माणको काम अघि बढ्छ", उहाँले भन्नुभयो । प्रमुख जिल्ला अधिकारी रवीन्द्रप्रसाद आचार्यले पुनर्निर्माण अघि बढाउन पालिकाले आफूले काम छिटो गर्नुपर्ने बताउनुभयो । "छिटो भेरिफाइ भए मात्रै सम्झौता गरेर पुनर्निर्माण अघि बढ्छ", उहाँले भन्नुभयो । निजी आवास पुनर्निर्माणका लागि सङ्घीय सरकारले रु ४० लाख र प्रदेश सरकारले रु ३० लाख जिल्ला विपद् कोषमा पठाइसकेको उहाँको भनाइ छ । "कोही भत्किएकै घरमा बस्न थाल्नुभएको छ । कोही आफ्नै व्यवस्थापन गरेर बसिरहनुभएको छ । कोही आफन्त र छिमेकीकामा हुनुहुन्छ," प्रजिअ आचार्यले भन्नुभयो, "छिटोभन्दा छिटो घर बनाइदिन पाए हुन्थ्यो भन्ने हो, सकेसम्म हिमपातअघि पुनर्निर्माणको काम सुरु गर्ने गरी काम गरिरहेका छौं ।"

# परमार्थ नगर क्लवको सरसफाई कार्यक्रम

पोखरापत्र संवाददाता

पोखरा, २७ कार्तिक




पोखरा महानगरपालिका वडा नं. २७ डाडाकोनाकमा स्थापित परमार्थ नगर क्लवको सरसफाई कार्यक्रम सम्पन्न भएको छ ।

विभिन्न सामाजिक तथा संस्कृतिक कार्यक्रममा युवाहरुलाई अग्रसर गराउनको निमित स्थापित उक्त क्लवले शनिवार आफ्नो टोलको सरसफाई कार्यक्रम गरेको हो । बाहिरी डाडाकोनाक तथा भित्री डाडाकोनाकमा केन्द्रविन्दु बनाई आयोजित सोही कार्यक्रममा स्थानिय बासिन्दाको समेत सकृय सहभागिता रहेको थियो ।

कार्यक्रममा बोल्दै परमार्थनगर क्लवका अध्यक्ष मनोज गुरुङले यस्ता किसिमका कार्यक्रममा स्थानिय युवाहरुको उपस्थितिले क्लव संचालन गर्न थप मनोबल भएको तथा उपस्थित सम्पूर्णलाई धन्यवाद दिएका थियो । क्लवले आगामि दिनमा पनि यस्तै किसिमका सामाजिक कार्य गर्ने र सामाजिक कार्यमा युवाला परिचालन गर्न सकेको खण्डमा समाजमा हुने विभिन्न अ–सामाजिक कार्यलाई समेत निवारण गर्न सकिने धारणा क्लवका उपाध्यक्ष विकाश लामिछानेले राख्यका थिए ।

क्लवका सचिव आदर्श लामिछानेले संचालन गरेको उक्त कार्यक्रममा करिव ५० क्लवका सदस्यहरुको उपस्थित रहेका थिए ।

# झिँ-टोड्के पदमार्ग र उद्यान निर्माण सुरु

पोखरापत्र संवाददाता

म्याग्दी, २७ कार्तिक

म्याग्दीको रघुगङ्गा, मङ्गला र बेनी नगरपालिकाको सीमा क्षेत्रमा पर्ने पर्यटकीयस्थल टोड्के जोड्ने पदमार्ग र उद्यान निर्माण सुरु भएको छ ।

रघुगङ्गा गाउँपालिकाले वडा नम्बर-५ मा पर्ने झिँ गाउँदेखि टोड्के जोड्ने पदमार्ग र उद्यान निर्माण सुरु गरेको हो । वडा अध्यक्ष मनबहादुर शेरपुञ्जाले जिम्मा लिएको निर्माण कम्पनीले झिँदेखि टोड्के जोड्ने पदमार्ग निर्माण सुरु गरेको जानकारी दिनुभयो । "गाउँपालिका र पर्यटन मन्त्रालयको लागत साझेदारीमा ठेक्का प्रक्रियाबाट पदमार्ग निर्माण गर्न लागेका हौं", उहाँले भन्नुभयो, "झिँ हुँदै टोड्के जाने आउने पर्यटकलाई सुरक्षित र सहज यात्राका लागि पदमार्गलगायत पूर्वाधार बनाउन लागिएको हो ।" सो सिद्ध फुटस्टेप र पार्क निर्माण योजनाका लागि गत असारमा बेनीको खुसी होम बिल्डर्स प्रालिले भ्याट रकमसहित रु ५८ लाख दुई हजार ७३२ मा ठेक्का सम्झौता गरेको थियो । योजनाको कूल लागत अनुमान रु एक करोड एक लाख गरिएको थियो । कम्पनीका सञ्चालक मनोज कार्कीले हालसम्म एक सय मिटर भन्दा बढी पदमार्ग निर्माण भइसकेको जानकारी दिनुभयो । उकालो बाटोमा दुई मिटर फराकिलो ४२५ मिटर पक्की पदमार्ग, दुई वटा प्रतीक्षालय र दृश्यावलोकन गर्ने स्थलसहितको उद्यान बनाउने योजना छ । पदमार्गमा ४१० मिटर रेलिङ बनाउने लक्ष्य छ । विसं २०७८ फागुन महिनाभित्र पदमार्ग र उद्यान निर्माण गरिसक्ने सम्झौता रहेको गाउँपालिकाका इञ्जिनियर सुदीप गौतमले जानकारी दिनुभयो । उहाँका अनुसार ढुङ्गा बिछ्याइने उद्यान परिसरमा पर्यटक बसेर दृश्यावलोकन गर्ने स्थल पनि बनाउन लागिएको छ । पदमार्ग निर्माण भएपछि समुद्री सतहदेखि दुई हजार २०० मिटर उचाइमा अवस्थित टोड्केमा झिँ हुँदै दृश्यावलोकन गर्न जान सहज हुने, यात्रा अवधि र दुर्घटनाको जोखिम घट्ने अपेक्षा गरिएको छ । पाखोको चिप्लो र भिरालो तथा साँघुरो कच्ची पदमार्गमा चिप्लिएर लड्ने समस्या थियो । गुराँसको जङ्गलको बीचमा अवस्थित टोड्केबाट सुर्योदय, धौलागिरि, अन्नपूर्ण रेञ्जका १५ भन्दा बढी हिमाल म्याग्दी, पर्वत र बागलुङको पहाडी भूगोलको मनोरम दृश्यावलोकन गर्न सकिन्छ । टोड्केलाई पर्यटकीय गन्तव्य बनाउन पूर्वाधार निर्माणमा जोड दिएको रघुगङ्गा गाउँपालिकाका अध्यक्ष भवबहादुर भण्डारीले बताउनुभयो । धौलागिरि सेञ्चुरी पदमार्गको प्रवेश बिन्दुमा पर्ने टोड्केमा स्वर्गद्वारी आश्रमको शाखा र शिव मन्दिर पनि भएकाले यसको धार्मिक पर्यटकीय सम्भावनासमेत छ । यस वर्ष पदमार्ग र उद्यानका अलावा झिँ हुँदै टोड्के जोड्ने सडक स्तरोन्नति र टोड्केमा हाइअल्टीच्युड खेलमैदान निर्माण गर्न ठेक्का आह्वान भइसकेको प्रमुख प्रशासकीय अधिकृत अमृत सुवेदीले बताउनुभयो । यसअघि गण्डकी प्रदेश सरकारको सहयोगमा टोड्केको फेदीमा पर्ने झिँ गाउँमा सामुदायिक घरबास सञ्चालन भएको थियो ।

# ताराखोलामा मनाइन्छ भुस पोल्ने पर्व

– खेमराज गौतम

बागलुङ, २७ कार्तिक

बागलुङको ताराखोला गाउँपालिकाको मुख्य पर्वको रुपमा प्रचलित छ भुस पोल्ने पर्व । अर्गेली मगर समुदाय सामूहिक कृषि खेतीमा परिणत भएको दिनको सम्झनामा मनाइने पर्वलाई यहाँका स्थानीयले भुस पोल्ने पर्वको रुपमा मनाउँदै आएका छन् ।

पन्ध्रौं शताब्दीपछि पाल्पाको अर्गलीबाट विस्थापित भएर आर्गली मगर समुदाय यहाँको ताराखोलाको अर्गलमा आएर बसाई सरेको इतिहास रहेको छ । यहाँ आएपछि सामूहिकरुपमा खेती गर्न सुरु भएको दिनलाई भुस पोल्ने पर्वको रुपमा मनाइँदै आएको छ । कात्तिकको २६ गतेलाई बीउ छर्ने (छापो हाल्ने) दिनको रुपमा यहाँका मगर समुदायले भव्यरुपमा मनाउँदै आएका छन् । गत वर्ष कोरोनाका कारण परम्परामात्रै धान्य काम भएकोमा यस वर्ष धुमधामसँग भुस पोल्ने पर्व मनाइएको ताराखोला गाउँपालिकाका अध्यक्ष प्रकाश घर्तीले जानकारी दिनुभयो । तीन दिनसम्म मनाइने भुस पोल्ने पर्व पहिलो दिन भुस पोल्ने, दोस्रो दिन खनजोत गर्ने र तेस्रो दिन बीउ छर्ने काम हुन्छ ।

बीउ छर्ने काम अर्थात् छापो हाल्ने काम प्रत्येक वर्षको कात्तिक २६ गते मनाइने गरेको छ । "ताराखोलामा भुस पोल्ने पर्व, सिस्नो खोस्ने पर्व र असारे मेला भव्यरुपमा मनाइन्छ तर ऐतिहासिक रुपमा हाम्रो मुख्य पर्व भनेको भुस पोल्ने पर्व हो", गाउँपालिका अध्यक्ष घर्तीले भन्नुभयो, "चार वर्षदेखि गाउँपालिकाले भुस पोल्ने पर्वको रुपमा कात्तिक २६ गते गाउँपालिकाभर सार्वजनिक बिदासमेत दिँदै आएको छ ।"

पर्वको मूल समारोह शुक्रबार गण्डकी प्रदेशका अर्थमन्त्री रामजीप्रसाद बरालको प्रमुख आतिथ्यतामा छापो हाल्ने कार्य भएको थियो । मन्त्री बरालले ताराखोला पर्वको उद्गमस्थल रहेको बताउनुभयो । कार्यक्रममा मन्त्री बरालको उद्घाटनसँगै अर्गलको सङ्खुगरोमा अविवाहित युवायुवतीले छापो हालेर जौ छरेर पर्व मनाएका थिए ।

अर्गलमा बसोवास गर्ने पुलिसा, ओसासा र नाओसा थरका घर्ती मगरले आफ्नो पहिचान र सभ्यताको रुपमा रहेको भुस पोल्ने पर्व मनाउँदै आएका छन् । अधिकांश मगर समुदाय बसोवास गर्ने अर्गल गाउँको भुस पोल्ने मेलाको छुट्टै विशेषता रहेको छ । पर्वका अवसरमा आफ्ना समुदायका मानिसको मृत्यु र जन्म संस्कारसँग सम्बन्धित गोपीचन गीत गाउने र नाच्ने गर्दछन् । पर्वको मुख्य दिन कात्तिक २६ गते मगर समुदायभित्र एक वर्षभरि मृत्यु भएका आफ्ना परिवारका सदस्यको बरखी फाल्ने चलन भए पनि यस्तो चलन भने बिस्तारै हराउँदै गएको स्थानीय सूर्यबहादुर घर्ती मगरले बताउनुभयो ।

"भुस पोल्ने पर्वपछि बल्ल यहाँका स्थानीयले यो वर्षको खेती लगाउने चलन छ, पहिला मृत्यु संस्कार पूरा गर्न नसक्ने अवस्थामा पर्वकै दिन बरखी फाल्ने चलन थियो अहिले मृत्यु संस्कार सोही समयमै गर्ने गरेका छन्", घर्ती मगरले भन्नुभयो, "भुस पोल्ने पर्व भनेको कृषि युगको शुरु भएको खुशियालीमा मनाइने पर्व हो, जस्का लागि अविवाहित युवायुवतीले बारी खनजोत गरेर बीउ छर्ने चलन रहिआएको छ ।"

सोही दिन पुर्खाले सामूहिक खेती सुरु गरेको सम्झनामा शङ्खबारीमा छापे खन्ने र पूजाआजा गरी हिउँदे अन्नबालीको खेती सुरु गरिन्छ । दिउँसो ४ बजेको समयमा शङ्खुघरमा पूजाआजा गरी शङ्खुबारीमा छापे खन्ने र गहुँ, जौ छर्ने गरिन्छ । अविवाहित युवायुवतीले बारी नसकुञ्जेलसम्म नरोकी खन्ने गर्दछन् भने विवाहितले बीउ छर्ने गर्दछन् । पन्ध्रौं शताब्दीदेखि सुरु भएको मानिने यस पर्वलाई अर्गलको प्रमुख उत्सवरुपमा मनाइँदै आइएको छ ।

शङ्खुबारीको बीचमा रहेको ढुङ्गालाई माटोले पुजेर बीउ भर्ने प्रचलन रहेको र यसलाई अहिलेको पुस्ताले समेत जोगाइराखेको स्थानीय सङ्गम घर्ती मगरले जानकारी दिनुभयो ।

# सुनौलो बचत तथा ऋण सहकारीको १४ औं वार्षिक साधारणसभा

पोखरापत्र संवाददाता

पोखरा, २७ कार्तिक




पोखरा ६ बैदाम मुख्य कार्यालय रहेको सुनौलो बचत तथा ऋण सहकारीको १४ औं वार्षिक साधारणसभा एक कार्यक्रमकाबीच शनिबार सम्पन्न भएको छ ।

साधारणसभाको उद्घाटन गर्दै सहकारी विभागका रजिष्टार झलकराम अधिकारीले पर्यटकीय नगरी लेकसाईडस्थित यस सहकारीले उत्पादनमा जोड दिदैँ सुनौलो कोशेली घर सञ्चालन जस्ता कार्यको लक्ष्य राखेको भन्दै शुभकामना व्यक्त गर्नुभयो ।

सहकारीलाई संस्थागत सुशासन, व्यवसायिक दक्षता र वित्तीय अनुशासन कायम गरी सञ्चालन गर्नुपर्नेमा उहाँले जोड दिनुभयो । सहकारीको नियमन महत्वपुर्ण भएको बताउँदै उहाँले कोपोमिस सफ्टवएरमा संस्थाको सम्पूर्ण बिवरण अध्यावधिक गरी सहकारी बिभागसँग सहकार्य गर्नको लागि सुझाव दिनुभयो । संस्थाले वित्तीय सन्तुलन कायम गर्दै थप रोजगारी सिर्जना र उत्पादन बृद्धि हुने क्षेत्रमा लगानी गर्न उहाँले सुझाव दिनुभयो । संस्थाका अध्यक्ष टीकाराम सापकोटाको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन सचिव सोमबहादुर थापाले गर्नु भयो भने स्वागत भोजकुमार श्रेष्ठले गर्नुभएको थियो । कार्यक्रममा संस्थाका सल्लाहकार डम्बरबहादुर के.सी., गणेशबहादुर भट्टराई र पर्यटन परिषद्का अध्यक्ष गोपिबहादुर भट्टराई लगायतले सहकारीलाई उत्पादनशिल क्षेत्रमा कृयाशिल गराउनुपर्नेमा जोड दिनुभयो ।

उक्त अवसरमा वर्ष उत्कृष्ट कर्मचारीको रुपमा लक्ष्मी थापा, उत्कृष्ट सदस्यहरूमा तोकबहादुर गुरुङ र बालकुमार श्रेष्ठलाई नगद तथा प्रमाणपत्रबाट सम्मान तथा पुरस्कृत गरिएको थियो । साथै सुनौलो शैक्षिक पुरस्कारअर्न्तगत आधारभुत तहमा विशेष सापकोटा र माध्यामिक तहमा अभिरुची लम्सालालाई नगद तथा प्रमाणपत्रबाट पुरस्कृत गरिएको थियो ।

यसैबीच १४ औं साधारणसभाले सचिवको प्रतिवेदन, लेखा परीक्षकको प्रतिवेदन र कोषाध्यक्षको वार्षिक नीति तथा कार्यक्रम तथा बजेट प्रस्ताव पारित गरेको छ । संस्थामा एक हजार ४५२ शेयर सदस्य छन् भने चार करोड ५७ लाख रुपैयाँ शेयर पुजी रहेको छ । संस्थाको कुल वासलात रु. २७ करोड १५ लाखको रहेको छ भने संस्थाले २० करोड ४२ लाख निक्षेप संकलन गरी १९ करोड ५५ लाख ऋण परिचालन गरेको छ ।

# आफ्नै अस्पताल भएका शिक्षण संस्थाले मात्र नर्सिङ पढाउन पाउने

रासस

काठमाडौं, २७ कार्तिक

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सीटीइभिटी) ले १०० शय्याको आफ्नै अस्पताल भएका शिक्षण संस्थाले मात्र प्रमाणपत्र तह (पिसिएल) नर्सिङको पठनपाठन गराउन पाउने निर्णय गरेको छ ।

परिषद्का अध्यक्ष एवं शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलको अध्यक्षतामा हालै बसेको बैठकले मापदण्ड पूरा गरेका कलेजलाई मात्र भर्ना खुला गर्ने निर्णय गरेको हो । परिषद्को निर्णयसँगै स्थगित गरिएको नर्सिङको भर्ना प्रक्रिया अघि बढ्ने सीटीइभिटीका सदस्यसचिव जीवनारायण काफ्लेले जानकारी दिनुभयो ।

आफ्नै १०० शय्याको अस्पताल भएका निजी शिक्षण संस्थामा पनि विद्यार्थी भर्ना लिन चिकित्सा शिक्षा आयोगले अनुमति दिइसकेको छ । ऐनको प्रावधानअनुसार मापदण्ड पुगेका शिक्षण संस्थामा तत्काल विद्यार्थी भर्ना लिएर शैक्षिक सत्रअघि बढाउने निर्णय भएको काफ्लेले बताउनुभयो ।

परिषद्तहका १०९ मध्ये २४ शिक्षण संस्थाले मात्रै यी दुई मापदण्ड पूरा गरेका छन् । ती २४ वटा कलेजमध्ये १७ वटा निजी कलेज हुन् भने ७ वटा आङ्गिक कलेज हुन् ।